# कर्मचारीहरुको स्वागत तथा विदाई

जिविस बांकेमा कार्यरत लेखा अधिकृतद्वव ठाकुरप्रसाद पौडेल र पृथ्वीनारायण श्रेष्ठज्यूहरुलाई यही २०६७ साल भाद्र ३१गते जिल्ला विकास समिति सभाकक्षमा एक समारोहको आयोजना गरि विदाई गरियो । जिविस, प्राविधिक कार्यालय, स्थानीय विकास कोषका कर्मचारीकासाथै गाविस सचिवहरुको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा विदाई हुनु हुने लेखा अधिकृत द्वयहरुलाई स्थानीय विकास अधिकारी शम्भुप्रसाद लुईटेलज्यूले उपहार प्रदान गर्नुका साथै ढाकाको टोपी लगाई फुलमाला तथा अविर लगाई विदाई गर्नु भएको थियो । ठाकुरप्रसाद पौडेल सुर्खेत जिल्ला कोष तथा लेखा नियन्त्रण कार्यालय र पृथ्वीनाराण श्रेष्ठ बांके जिल्ला शहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा सरुवा हुनु भएको छ ।



उक्त अवसरमा अन्यत्रबाट शरुवाभै जिविसमा आउनु भएका लेखा अधिकृतद्वव प्रकाश आचार्य र माधवश्याम रेग्मीज्यूहरुलाई स्थानीय विकास अधिकारीज्यूले फुलमाला तथा अविर लगाई स्वागत गर्नु भएको थियो । ठाकुर पौडेलको ठाउंमा प्रकाश आचार्य र पृथ्वीनारायण श्रेष्ठको ठाउंमा माधव रेग्मीले कार्यभार सम्हालु हुने छ ।

**जिविस, बांके परिवार वहांको भविष्यको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछ ।**



